नेपाल दूरसञ्चार कम्पनी लिमिटेड (नेपाल टेलिकम) र हुलाक सेवा विभागबीच चिठ्ठी पत्र, SIM लगायतका हुलाकबस्तु ढुवानी तथा वितरण सम्बन्धी

**सम्झौता पत्र**

हुलाक सेवा विभाग (यस पछि प्रथम पक्ष भनी सम्बोधन गरिनेछ) र नेपाल दूरसञ्चार कम्पनी लिमिटेड (नेपाल टेलिकम), केंन्द्रीय कार्यालय, काठमाण्डौ (यसपछि दोस्रो पक्ष भनी सम्बोधन गरिनेछ) वीच नेपाल टेलिकमको चिठी पत्र, कागजात, Subscriber Identity Module (SIM) Card लगायतका सामाग्रीहरु हुलाक बस्तुहरुको रुपमा ढुवानी तथा वितरण गर्ने सम्बन्धमा निम्न शर्तहरु अनुसार गर्ने गराउने गरी दुबै पक्षको सहमतिमा यो सम्झौता पत्र तयार गरी साक्षीहरुको रोहवरमा सहिछाप गरी एक एक प्रति लियौं दियौं।

**सम्झौताका शर्तहरू**

१. प्रथम पक्षले दोस्रो पक्षलाई हुलाक सेवा मार्फत प्रचलित कानून बमोजिम कागजात, श्रेस्ता, कार्यालयका चिठ्ठी पत्र, Spare parts (दूरसंचार सेवामा प्रयोग हुने सामाग्रीहरु) तथा SIM card लगायतका सामाग्रीहरूको ढुवानी सेवा प्रदान गर्नेछ।

२. दोस्रो पक्षको कार्यालय एवं मातहतका कार्यालय परिसरबाट उपलब्ध गराईएको हुलाक बस्तुलाई प्रथम पक्षले सम्बन्धित कार्यालय तथा ग्राहकसम्म ढुवानी गर्नेछ।

३. दोस्रो पक्षले उपलब्ध गराइएका कागजात, श्रेस्ता, कार्यालयका चिठ्ठी पत्र, Spare parts, SIM card लगायतका हुलाक बस्तुहरु तोकिएको ग्राहक/कार्यालयमा प्रथम पक्षले बुझाउनु पर्नेछ र सोको भरपाई दोस्रो पक्षलाई उपलब्ध गराउने दायित्व प्रथम पक्षको हुनेछ।

४. दोस्रो पक्षले हुलाक वस्तु ढुवानी तथा वितरणका लागि प्रथम पक्षलाई बुझाई सकेपछि सो पश्चात हुलाक वस्तुको सुरक्षा र संरक्षण गर्ने दायित्त्व प्रथम पक्षको हुनेछ।

५. ढुवानी तथा वितरणका क्रममा हुलाक वस्तु हराएमा वा क्षति भएमा सोको सम्पूर्ण जिम्मेवारी प्रथम पक्षको हुनेछ। उक्त क्षतिको मूल्याङ्कन र क्षतिपूर्तिको व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

६. प्रथम पक्षले हुलाक वस्तु दोस्रो पक्षको परिसरबाट (सार्वजनिक बिदाको दिन बाहेक) दैनिक रुपमा वा दोस्रो पक्षले उपलव्ध गराउने तोकिएको दिनमा संकलन गर्नु पर्नेछ र ठूलो परिमाणका सामान संकलन गर्दा दोस्रो पक्षले Load/Unload गर्न सहयोग गर्नुपर्नेछ।

७. दोस्रो पक्षले हुलाक मार्फत तोकिएको स्थानमा पठाइएको हुलाक वस्तु बुझ्ने कर्मचारी/ग्राहक, समय र स्थानको विवरण प्रथम पक्षलाई उपलब्ध गराउनु पर्नेछ।

८. प्रथम पक्षले हुलाक बस्तुलाई Postal Internal Tracking System (PITS) मा दर्ता गरी सम्बन्धित गन्तव्य ठेगानासम्म पुऱ्याउने व्यवस्था मिलाउनु पर्नेछ। साथै दोस्रो पक्षलाई हुलाक बस्तुको ट्र्याकिङ गर्न सक्ने व्यवस्था प्रथम पक्षले उपलब्ध गराउनुपर्नेछ।

९. प्रथम पक्षले ढुवानी तथा वितरण गरिएको हुलाक बस्तुलाई दोस्रो पक्षबाट तोकिएको प्रापकलाई नै बुझाई सोको भरपाई अनिवार्य लिनु पर्नेछ र सोको प्रमाण दोस्रो पक्षलाई उपलब्ध गराउनु पर्नेछ।

१०. सिम ढुवानीको हकमा प्रापकले सिम प्राप्त गरे पश्चात सिम active गर्न आवश्यक परेमा दोस्रो पक्ष र सिम प्रापक बीच प्रथम पक्षले समन्वय गर्नुपर्नेछ। सो सम्बन्धी अभिमूखीकरणको व्यवस्था प्रथम पक्षलाई दोस्रो पक्षले गर्नुपर्नेछ।

११. दोस्रो पक्षबाट प्राप्त हुलाक वस्तु ढुवानी गरिने स्थान/जिल्लागत/कार्यालयगत हिसावले दोस्रो पक्षको आवश्यकता अनुसार रजिष्ट्री/पुलिन्दा (Parcel)/इ.एम.एस. (Express Mail Service, EMS) का रुपमा प्रथम पक्षले दर्ता गर्नेछ।

१२. प्रथम पक्षले रजिष्ट्री/पुलिन्दा (Parcel)/इ.एम.एस. (Express Mail Service, EMS) का रुपमा दर्ता गरेका हुलाक वस्तु सम्बन्धित गन्तव्यमा यथासम्भव छिटो पुऱ्याउनु पर्नेछ। काबु बाहिरको परिस्थिति (प्राकृतिक तथा मानव सिर्जित विपद) मा हुलाक वस्तु तोकिएको गन्तव्यमा पुऱ्याउन नसकिएको अवस्थामा तत्कालै दोस्रो पक्षलाई जानकारी गराउनु पर्नेछ।

१३. प्रथम पक्षले हुलाक वस्तु तोकिएको स्थानमा ढुवानी गरे वापत पुलिन्दा (Parcel)/ई.एम.एस. ढुवानी सरहको प्रचलित नियमानुसारको हुलाक महसुल दोस्रो पक्षले हुलाक सेवा विभाग अन्तर्गतका हुलाक कार्यालयहरुलाई मासिक/त्रैमासिक रुपमा भुक्तानी गर्नुपर्नेछ।

१४. दोस्रो पक्षको केन्द्रीय कार्यालय काठमाडौंबाट अन्तर्गतका कार्यालयमा सिम ढुवानीको हकमा प्रथम पक्षले नियमानुसारको हुलाक महशुलको विल समयमै दोस्रो पक्ष (केन्द्रीय खर्च विभाग, केन्द्रीय कार्यालय, भद्रकालीप्लाजा) लाई उपलव्ध गराउनु पर्नेछ। अन्य जिल्लाहरुले सिमकार्ड ढुवानी एवं वितरण गरेपश्चात सोको हुलाक महशुल भुक्तानीका लागि दोस्रो पक्षको सम्बन्धित अनुसूची बमोजिमका लेखा कार्यालयमा विल पेस गर्नुपर्नेछ।

१५. ग्राहकले सिम कार्ड घरमै प्राप्त गर्ने (Home Delivery) सेवा रोजेको अवस्थामा, सो सम्बन्धी ढुवानी शुल्क हुलाक सेवा विभागको प्रचलित दररेट बमोजिम हुनेछ। सोको भुक्तानी दोस्रो पक्षले गर्नेछ।

१६. सिम ढुवानी तथा वितरण बाहेकको हकमा प्रथम पक्षले नियमानुसारको हुलाक महशुलको विल समयमै दोस्रो पक्ष (सम्बन्धित दुरसंचार कार्यालय) लाई उपलव्ध गराउनु पर्नेछ।

१७. प्रथम पक्षले हुलाकवस्तु ढुवानी गर्न दोस्रो पक्षको आवश्यकता अनुसार स्थल वा हवाई मार्ग प्रयोग गर्न सक्नेछ।

१८. पठाउनु पर्ने गन्तव्यका हुलाकबस्तुलाई प्रापकको ठेगाना अनुसार अलग-अलग र सुरक्षित रुपमा प्याकिङ गर्ने दायित्त्व दोस्रो पक्षको हुनेछ।

१९. दोस्रो पक्षले ठूलो परिमाणमा हुलाकबस्तु सिधै गन्तव्यमा पठाउनुपरेमा कम्तिमा ३(तीन) दिन अगावै प्रथम पक्षलाई जानकारी गराई आपसी समन्वयमा हुलाकबस्तुहरू ढुवानी गर्ने व्यवस्था मिलाउनुपर्नेछ।

२०. हुलाकबस्तु ढुवानी गरी सोको भुक्तानी लगायतका विषयमा लेखापरीक्षणका शिलसिलामा कुनै सुझाव प्राप्त भएको अवस्थामा दुवै पक्षको आपसी सहमतिमा उक्त सुझाव कार्यान्वयन गरिनेछ।

२१. सेवा प्रवाहमा कुनै समस्या भएमा दुवै पक्षको आपसी सहमतिमा यस सम्झौताका शर्तहरू संशोधन तथा परिमार्जन गर्न र कार्य प्रक्रियालाई सुधार गर्न सकिनेछ।

२२. यो सम्झौता बमोजिमको हुलाकबस्तु ढुवानीको समन्वय, संचालन तथा व्यवस्थापन प्रथम पक्ष अन्तर्गतका बिभिन्न कार्यालयहरु मार्फत हुनेछ।

२३. यो सम्झौता कार्यान्वयन गर्न र कुनै समस्या वा विवाद आएमा समाधानका लागि सहजीकरण तथा समन्वय गर्न दुवै पक्षले आ-आफ्नो तर्फबाट एक-एक जना कर्मचारीलाई सम्पर्क व्यक्ति तोकी एक आपसमा सोको लिखित जानकारी गराउनु पर्नेछ। कुनै पक्षबाट साविकको सम्पर्क व्यक्ति परिवर्तन भएमा सोको जानकारी यथाशीघ्र अर्को पक्षलाई दिनु पर्नेछ।

२४. यो सम्झौता मिति २०८३/०४/०१ देखि लागु हुनेछ। कुनै पक्षले सम्झौता बमोजिमको कार्यलाई निरन्तरता दिन असमर्थ भएमा सोको सूचना कम्तिमा ३० (तीस) दिन अगावै लिखित रुपमा अर्को पक्षलाई दिनुपर्नेछ। प्रचलित कानून बमोजिम यो सम्झौता भंग गर्नुपर्ने भएमा दुवै पक्षले यस सम्झौतामा उल्लेखित सर्तहरू बमोजिम आ-आफ्नो पक्षको दायित्त्व सम्भव भएसम्म सोही आ.व. भित्रमा फरफारक गर्नुपर्नेछ।

२५. यो सम्झौतामा थपघट गर्नुपरेमा दुवै पक्षको सहमतिमा पुरक सम्झौता गर्न सकिनेछ।

२६. यस सम्झौतामा उल्लेख गरिएका विषय यसै बमोजिम र अन्य विषय प्रचलित कानून बमोजिम हुनेछन्।

**प्रथम पक्षको तर्फबाट**

दस्तखतः

नामः मनमायाँ भट्टराई पंगेनी

दर्जाः महानिर्देशक

कार्यालयः हुलाक सेवा विभाग
बबरमहल, काठमाण्डौ ।

**दोश्रो पक्षको तर्फबाट**

दस्तखतः

नामः रीना डंगोल

दर्जाः प्रवन्ध निर्देशक

कार्यालयः नेपाल दूरसञ्चार कम्पनी लि.
भद्रकाली प्लाजा, काठमाण्डौ ।

**साक्षीहरुः**

दस्तखतः

नामः ढाल बहादुर जि.सी.

दर्जाः प्रमुख हुलाक अधिकृत

कार्यालयः गोश्वारा हुलाक कार्यालय
डिल्लीबजार, काठमाण्डौ ।

दस्तखतः

नामः निर्झर भट्टराई

दर्जाः प्रमुख मानव संसाधन अधिकृत

कार्यालयः नेपाल दूरसञ्चार कम्पनी लि.
भद्रकाली प्लाजा, काठमाण्डौ

इति संवत् २०८३ साल असार महिना १८ गते रोज ५ शुभम् ।